# जिल्ला समन्वय समितिको कार्यालय

बेसीशहर,लमजुङ

गण्डकी प्रदेश,नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं. :

मिति :२०८३/०४/०५

**मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.व. २०८३/०८४ मा तपसिल बमोजिमका कार्य तथा सेवा आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकाले मौजुदा सूचीमा दर्ता तथा अद्यावधिक हुन चाहने व्यक्ति, फर्म, कम्पनी तथा सेवा प्रदायकहरूले दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, व्यवसायिक इजाजत पत्र, गत आ.व.सम्मको कर चुक्ता प्रमाणपत्र र अन्य आवश्यक कागजातहरूको प्रतिलिपि सहित सम्बन्धित सेवा कारोबारको विवरण उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।रीतपूर्वक पेश नभएका निवेदनहरूलाई सूचिकृत नगरिने बेहोरा समेत अनुरोध छ ।

तपसिल :

- छपाइ, मसलन्द तथा कार्यालय सामानहरू आपूर्ति सम्बन्धी कार्य,
- चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारी साधनको मर्मत तथा इन्धन सम्बन्धी कार्य,
- विद्युत तथा विद्युतीय उपकरण आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
- फर्निचर तथा फर्निसिङ् सामान आपूर्ति तथा मर्मत सम्भारको कार्य,
- सन्देशमूलक सूचना प्रसारण तथा प्रकाशन सम्बन्धी कार्य,
- निर्माण मर्मत तथा रंगरोगन, प्लम्विङ, कार्यालय सरसफाइ, बगैचा रेखदेख सम्बन्धी कार्य,
- कार्यालयका लागि आवश्यक पर्ने अन्य कार्यहरू ।

(महेश सुवेदी)

जिल्ला समन्वय अधिकारी